महालेखापरीक्षकको साठिऔं वार्षिक प्रतिवेदन २०७९


इन्फोग्राफिक्स



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
साठिऔं वार्षिक प्रतिवेदन
२०७९
इन्फोग्राफिक्स



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नम्बर १३३२८

पत्र संख्या : २०७९।८०
च. नं. : ६९०

विषयः साठिऔं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

२०७९ साल चैत्र ३० गते विहीबार ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बरः ५९१९१६३ फ्याक्सः ४२६८३०९ इमेलः oagnep@ntc.net.np/info@oag.gov.np वेवः www.oag.gov.np

विषय-सूची

महालेखापरीक्षकको भनाइ

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता १

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति २

लेखापरीक्षण गरिएका निकायको विवरण ६

सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति ८

लेखापरीक्षणबाट देखिएका बेरूजू स्थिति ११

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति १५

लेखापरीक्षण कार्यान्वयनको अवस्था २९

बेरूजूसँग सम्बन्धित केही तस्वीरहरू ३१

भविष्यमा गर्नुपर्ने सुधार ५७

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन पेस गरेको छु। मेरो कार्यकालको यो अन्तिम तथा छैठौं वार्षिक प्रतिवेदन हो। नेपालको संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लिखित विषयहरू समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरेको छु। नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरेको छु। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई जारी गरिएको छ। संगठित संस्था र विषय छनोटको आधारमा गरिएका कार्यमूलक तथा विशेष लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू सम्बन्धित मन्त्रालयगत खण्डमा समावेश गरिएको छ। त्यसैगरी सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार पारिएको छ।

लेखापरीक्षण व्यवस्थापन

यो वर्ष नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था र संघीय कानूनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी आर्थिक वर्ष २०७८।७९ र बक्यौता समेतको विनियोजन, राजस्व, धरौटी र अन्य कोषको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ४ बमोजिम वार्षिक लेखापरीक्षण योजना तथा मन्त्रालय/निकायगत लेखापरीक्षण योजना तयार गरी जोखिममा आधारित कार्यालयगत लेखापरीक्षण योजनाको आधारमा लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, निर्देशिका एवं असल अभ्यास समेतको पालना गरी यो वर्ष विद्युतीय पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली प्रयोग गरी सबै कार्यालय वा निकायको लेखापरीक्षण गरिएको छ। यो वर्ष जोखिममा आधारित सूचकको आधारमा कार्यालय वा निकायहरूको वर्गीकरण गरी बढी जोखिमयुक्त कार्यालय वा निकायहरूको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवं एकल खाता कोष प्रणालीबाट प्राप्त सूचना तथा विवरण सङ्कलन र विश्लेषण गरी दूर विधिबाट लेखापरीक्षण गरिएको छ। तोकिएका आधारमा विषय छनोट गरी नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएको छ।

लेखापरीक्षणका सन्दर्भमा संघ र प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृत, स्थानीय तह तथा संगठित संस्थाका जिम्मेवार पदाधिकारीहरूसँग छलफल र अन्तरक्रिया गरिएको छ। लेखापरीक्षण कार्य प्रारम्भ गर्नुपूर्व यसवर्ष वार्षिक लेखापरीक्षण योजना र समयतालिकाबारे नेपाल सरकारका मुख्य सचिवमार्फत् सबै तहका सरकारी निकाय र अन्य

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

शासकीय प्रबन्ध

- संघीयता कार्यान्वयनमा तीन तहका सरकारबीच पर्याप्त समन्वय नभएको,
- संविधान कार्यान्वयनमा आएको लामो समय व्यतित भैसक्दासमेत अत्यावश्यक कानुनहरू तर्जुमा हुन नसकेको,
- स्थानीय तहको उम्मेदवारको निर्वाचन खर्चको स्रोत खुलाई विवरण पेश नभएको,
- संवैधानिक निकायहरुको प्रशासनिका एवं वित्तीय स्वायत्तता कायम गरी भूमिका प्रभावकारी बनाउन नसकिएको,
- स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकारबीच सन्तुलन र नियन्त्रण नभएको,
- तीन तहका सरकारबीच विषयगत संरचना तथा कार्यमा दोहोरोपना रहेको,
- समिति, बोर्ड, परिषद्, संस्थानको कार्य प्रभावकारी हुन नसकेको,
- नियमनकारी निकायको भूमिका प्रभावकारी नभएको,
- जिल्ला समन्वय समितिहरुको भूमिका प्रभावकारी हुन नसकेको।

अर्थतन्त्र

- आर्थिक वृद्धिदर र राष्ट्रिय बचतमा अपेक्षित वृद्धि हुन नसकेको,
- कृषि र उद्योग क्षेत्रलाई उचित प्राथमिकता र प्रश्रय दिन नसकेको,
- पर्यटन क्षेत्रलाई वैदेशिक मुद्रा आर्जनको मुख्य स्रोत बनाउन नसकेको,
- विप्रेषण र ऋण रकमलाई उत्पादनसँग आवद्ध गर्न नसकेको,
- न्यून विजकीकरण र बजार नियमन नहुँदा राजस्व चुहावट हुने गरेको,
- भन्सार मूल्याङ्कन यथार्थपरक हुन नसकेको,
- मुद्रास्फीति नियन्त्रण हुन नसकेको,
- कमजोर नियमनका कारण ब्याजदरलाई वाञ्छित सीमामा राख्न नसकिएको,
- जल, जमिन, जङ्गल र खानीजन्य स्रोतको पूर्ण उपयोग गर्न नसकिएको,
- हरित ऊर्जालाई पेट्रोलियमजन्य पदार्थको विकल्पमा प्रयोग गर्न नसकिएको,
- उत्पादनमूलक क्षेत्रमा पर्याप्त वैदेशिक लगानी र प्रविधि भित्र्याउन नसकेको,
- अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक दायरामा ल्याउन नसकेको।

सार्वजनिक प्रशासन र सुशासन

- संघीय संरचना अनुरुपका कर्मचारी सेवा सम्बन्धी ऐनहरू जारी हुन नसकेको,
- सेवा प्रवाहलाई मितव्ययी, भरपर्दो, छरितो र विश्वसनीय बनाउन नसकेको,
- प्रदेश तथा स्थानीय तहमा दक्ष जनशक्तिको अभाव रहेको,
- वृत्ति विकासमा अनिश्चितता हुँदा कर्मचारी उत्प्रेरित हुन नसकेको,
- सार्वजनिक प्रशासन व्यावसायिक र नतिजामुखी हुन नसकेको,
- साईबर अपराध नियन्त्रण गर्न पर्याप्त कानूनी र सुरक्षा व्यवस्था नभएको,
- पदीय आचरण, नैतिकता र सदाचारिता पालनाको स्थिति कमजोर रहेको,
- अन्तरनिकाय समन्वयमा कमी हुँदा भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन नसकेको,
- क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा नआएको,
- कर्मचारी समायोजनमा देखिएका समस्याले सेवा प्रवाहमा असर परेको,
- सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरी सेवा प्रवाहमा सुधार नगरेको,
- प्रशासन सुधार आयोगका सुझावको प्रभावकारी कार्यान्वयन हुन नसकेको।

सार्वजनिक वित्त व्यवस्थापन

- बजेट तर्जुमा गर्दा स्रोतको प्राप्ति र उपयोगको यथार्थ आकलन हुन नसकेको,
- न्यून राजस्व, बढ्दो ऋण र विनिमय दरले स्रोत परिचालनमा प्रभाव परेको,
- बजेट अबण्डा राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने प्रवृत्ति रहेको,
- संगठित संस्थामा निष्क्रिय मौज्दात रहे तापनि सरकारले ऋण लिनु परेको,
- राजस्व छुट दिने प्रवृत्ति बढ्दै गएको तर नागरिक सहुलियतको मापन नभएको,
- प्रदेश तथा स्थानीय तहको आन्तरिक आय परिचालन प्रभावकारी नभएको,
- संस्थानको सम्पत्ति, शेयर र ऋण लगानीको हिसाब यथार्थपरक नरहेको,
- अनुदान रकम उद्देश्य अनुसार उपयोग भएको सुनिश्चित नगरेको,
- वैदेशिक सहायताको प्रतिबद्धता, प्राप्ति र उपयोगबीच अन्तर रहेको,
- अनुत्पादक तथा वितरणमुखी क्षेत्रमा बजेट खर्च गर्ने प्रवृत्ति बढेको,
- एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली लागू नगरेको,
- विभाज्य कोषमा सङ्कलित राजस्व समयमै बाँडफाँट हुन नसकेको,
- लेखापरीक्षणको सुझाव कार्यान्वयन र बेरुजू फर्स्यौटमा ध्यान नदिएको।

विकास व्यवस्थापन

- दिगो विकास लक्ष्यको कार्यान्वयन प्रभावकारी नभएको,
- पूर्व तयारी बेगरका योजना पनि बजेटमा समावेश हुने गरेको,
- आयोजना व्यवस्थापनमा स्रोत र दक्ष जनशक्तिको अभाव रहेको,
- आयोजनाको ड्राइङ्ग, डिजाइन र लागत अनुमानमा कमीकमजोरी रहेको,
- राष्ट्रिय गौरवका आयोजनाको कार्यावधि लम्बिँदा लागत वृद्धि भएको,
- निर्माण व्यवसायीको क्षमताको आधारमा सीमा निर्धारण नभएको,
- सार्वजनिक खरिद नियमावली पटक-पटक संशोधन गर्दा खरिद कार्य प्रभावित भएको,
- सार्वजनिक खरिद तथा निर्माणको गुणस्तरमा उचित ध्यान नदिएको,
- सम्झौताका शर्त पालना नगर्दा क्षतिपूर्ति रकम भुक्तानी गर्नुपरेको,
- परामर्शदाता माथिको निर्भरता र खर्च दुवै बढेको,
- खर्च गर्ने संस्थागत क्षमता कमजोर हुँदा पुँजीगत खर्च न्यून भएको,
- योजना र कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रभावकारी नभएको।

जिम्मेवारी र उत्तरदायित्व

- वित्तीय अनुशासन पालना नगर्ने पदाधिकारीलाई जवाफदेही बनाउन नसकेको,
- मितव्ययिता कार्यविधि र मापदण्ड पूर्णरुपमा पालना नभएको,
- नेपाल वित्तीय प्रतिवेदनमान र नेपाल सार्वजनिक क्षेत्र लेखामान पूर्ण कार्यान्वयन नगरेको,
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्तिको अभिलेख नरहेको,
- सार्वजनिक सम्पत्ति लिज प्रक्रिया पारदर्शी र प्रतिस्पर्धात्मक नभएको,
- सार्वजनिक तथा गुठीका अतिक्रमित जग्गा नियन्त्रणमा नआएको,
- आर्थिक अनुशासन पालनालाई कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्न नसकिएको,
- वित्तीय निर्णयमा सम्बद्ध पदाधिकारीलाई जिम्मेवार बनाउन नसकेको,
- आन्तरिक नियन्त्रण प्रणालीको पालना नभएको,
- शासन सञ्चालनमा नागरिक सहभागितालाई प्राथमिकता पाउन नसकेको,
- सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण उद्देश्यमुलक हुन नसकेको,
- अधिकारप्राप्त अधिकारीलाई सेवाग्राहीप्रति उत्तरदायी बनाउन नसकेको।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको **धारा २४१ (१)**	राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ ।
नेपालको संविधानको **धारा २४१ (२)**	५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ ।
नेपालको संविधानको **धारा २४१ (५)**	कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण संघीय कानूनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ ।
नेपालको संविधानको **धारा २९४ (१)**	यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउनेछ ।
लेखापरीक्षण ऐन, **२०७५ को दफा ३**	सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।
लेखापरीक्षण ऐन, **२०७५ को दफा ४**	महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोक्ने, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउने, त्यसमा विवेचना तथा आलोचना गर्ने र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था गरेको छ ।
लेखापरीक्षण ऐन, **२०७५ को दफा ८**	महालेखापरीक्षकले लेखापरीक्षण गर्दा परीक्षण गर्नुपर्ने विषय
लेखापरीक्षण ऐन, **२०७५ को दफा ९**	महालेखापरीक्षकले लेखापरीक्षण गर्दा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्न सक्ने विषय

लेखापरीक्षणका उद्देश्य

संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र संघीय कानूनद्धारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझाउसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको थियो। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको थियो।

वित्तीय लेखापरीक्षण



- तीन वटै तहका सरकारहरूको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरूप वित्तीय विवरण र प्रतिवेदन तयार भै कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- कानूनसम्मत तवरले राजस्वलगायत समस्त आम्दानी, राजस्व तथा धरौटीको निर्धारण, असुली र दाखिला गरेको र तीनै तहका सरकारबीच प्रचलित कानूनबमोजिम राजस्व बाँडफाँट भएको,
- विनियोजन ऐन बमोजिम सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको सावाँ, ब्याज, लाभांशलगायतको लेखा राखेको ।

परिपालनाको लेखापरीक्षण



- प्रचलित कानूनको परिपालना गरी स्रोत साधनको प्राप्ति, परिचालन एवं अभिलेख राखेको,
- आर्थिक कारोबार गर्दा ऐन कानूनको परिपालना गरेको एवं पुष्ट्याँइ गर्ने यथेष्ट प्रमाण राखेको,
- खर्च गर्दा दुरूपयोग हुन नपाउने गरी पर्याप्त कानूनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था पर्याप्त भएको र सोको अनुसरण गरेको ।

कार्यमूलक लेखापरीक्षण



- खर्च मितव्ययी तवरले गरेको र कार्यक्रम एवं लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवं दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य नीतिअनुरूप कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरूप भएको,
- खर्च गर्दा लागत तथा उपलब्धि विश्लेषण गरी उचित ढंगले खर्च गरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भएको ।

विशेष लेखापरीक्षण
६० औं प्रतिवेदनमा समावेश



- प्रदेश सरकार, महानगरपालिकाहरु र उपमहानगरपालिकाहरूको पाँच वर्षको कार्यसम्पादन अवस्थाको विशेष लेखापरीक्षणअन्तर्गत बजेट खर्च, कार्यसम्पादन र उपलब्धि मूल्याङ्कन भएको,
- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले विकास एवं प्रभावकारी तवरले उपयोग गरेको ।

लेखापरीक्षणको क्षेत्र

- संवैधानिक निकाय, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण कार्यालय, तीन तहका सरकारका पूर्ण स्वामित्व भएको संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालय, संघीय कानूनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकेका अन्य निकायको आर्थिक वर्ष २०७८।७९ को आर्थिक कारोबार र सोको प्रतिवेदन, बक्यौता र सोसँग सम्बन्धित कागजात समेतलाई लेखापरीक्षण क्षेत्रमा समेटिएको छ ।
- शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन र सेवा प्रवाह, विकास प्रशासन, सार्वजनिक जवाफदेहिता र सुशासनसँग सम्बन्धित विभिन्न पक्षको परीक्षण तथा मूल्याङ्कनलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ ।
- दिगो विकास लक्ष्य प्राप्तिको लागि सञ्चालित क्रियाकलापको मूल्याङ्कनलाई समेत लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

लेखापरीक्षण पद्धति

- वार्षिक लेखापरीक्षण योजना तयार गरी सोसँग सामञ्जस्य हुने गरी मन्त्रालयगत लेखापरीक्षण योजना तथा निकायगत लेखापरीक्षण योजनाका आधारमा कार्यालयले तयार गरेको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) प्रयोग गरी यो वर्ष सबै निकायको विद्युतीय लेखापरीक्षण र सोको व्यवस्थापन गरिएको छ ।
- लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ ।
- लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको आन्तरिक नियन्त्रण मूल्याङ्कन प्रणाली आन्तरिक लेखापरीक्षण तथा एकल कोष खाताबाट उपलब्ध सूचना समेतको आधारमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को प्रयोग गरी दूरलेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ ।

लेखापरीक्षण गरिएका निकायको विवरण

समष्टिगत लेखापरीक्षण

संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र संघीय कानूनद्वारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझाउसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको थियो। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको थियो ।

लेखापरीक्षण गरिएका निकाय र विषय

वित्तीय र नियमितताको लेखापरीक्षण

संघीय मन्त्रालय तथा निकाय (बक्यौता १६ समेत)	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता ६ समेत)	स्थानीय तह (बक्यौता २ समेत)	समिति र अन्य संस्था (प्रदेशतर्फको ९६ समेत)	संगठित संस्था	जम्मा
४०६८	१२१८	७५१	४३४	७५	६५४६
२३५६३४	३१२७३	११०४०१	१८२२२	३१८२८७	७१३८१७

लेखापरीक्षण अंक (रू. करोडमा)

- कार्यमूलक लेखापरीक्षण: ६
- वातावरणीय लेखापरीक्षण: १
- सूचना प्रविधि लेखापरीक्षण: १
- विशेष लेखापरीक्षण: २४

यो वर्ष ४ हजार ६८ संघीय मन्त्रालय तथा निकायको रू. २३ खर्ब ५६ अर्ब ३४ करोड र प्रदेश मन्त्रालय तथा निकाय १ हजार २१८ को रू. ३ खर्ब १२ अर्ब ७३ करोड, स्थानीय तह ७५३ मध्ये ७४९ र गत वर्षको बक्यौता २ समेत ७५१ को रू. ११ खर्ब ४ अर्ब १ करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४३४ को रू. १ खर्ब ८२ अर्ब २२ करोड र संगठित संस्था ७५ को रू. ३१ खर्ब ८२ अर्ब ८७ करोडसमेत रू. ७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको। वित्तीय लेखापरीक्षणको अतिरिक्त ६ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको सूचना प्रविधि लेखापरीक्षण २४ विषयको विशेष लेखापरीक्षण गरिएको छ।

कार्यमूलक लेखापरीक्षण

यो वर्ष ६ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

वातावरणीय लेखापरीक्षण

यो वर्ष १ विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ।

सूचना प्रविधि लेखापरीक्षण

यो वर्ष ३ विषयको सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ।

विशेष लेखापरीक्षण

यो वर्ष ४ विषयको विशेष लेखापरीक्षण गरिएको छ।

सि.नं.	कार्यमूलक लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	सार्वजनिक ऋण व्यवस्थापन	सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र महालेखानियन्त्रकको कार्यालय	अर्थ मन्त्रालय
२	सार्वजनिक खर्च व्यवस्थापन	विभिन्न निकायहरु	अर्थ मन्त्रालय र अन्य विभिन्न मन्त्रालय
३	आयोजना छनौट, प्राथमिकिकरण र विनियोजन	अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग	अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग
४	निर्णय तहमा महिला सहभागिता	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोग	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोग
५	सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम	सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी निकायबाट क्षेत्र निर्धारण	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
६	दूरसञ्चार पूर्वाधार व्यवस्थापन	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय नेपाल दूरसञ्चार प्राधिकरण	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
	वातावरणीय लेखापरीक्षण		
७	बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन अवस्था	दिगो विकास लक्ष्य १५.१ सँग सम्बन्धित निकायहरु	वन तथा वातावरण मन्त्रालय
	सूचना प्रविधिको लेखापरीक्षण		
८	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	गृह मन्त्रालय
	विशेष लेखपरीक्षण		
९	प्रदेश सरकार, महानगरपालिकाहरु र उपमहानगरपालिकाहरुको पाँच वर्षको कार्यसम्पादन अवस्था	प्रदेश सरकार र स्थानीय तह	मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महानगरपालिका, उपमहानगरपालिका

सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

संघीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८/७९ को संघीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार:

२०७८/७९

(रु. लाखमा)

बजेट अनुमान		यथार्थ खर्च	%
१,६४,७५,७६७		१,३१,००,००८	७९.५१
१,००,४३,५८८	चालु खर्च	९५,४३,१६७	९५.०२
४३,५२,४०३	पुँजीगत खर्च	२१,६२,१३१	४९.६८
२०,७९,७७६	वित्तीय व्यवस्था (साँवा ब्याज भुक्तानी)	१३,९४,७१०	६७.०६
४८,४०,४८५	सामान्य सार्वजनिक सेवा	५२,१७,६९३	१०७.७९
५,२१,१०४	रक्षा	५,३२,९७०	१०२.२८
५,८०,८२५	सार्वजनिक शान्ति सुरक्षा	७,२३,८४८	१२४.६२
४४,२०,९३९	आर्थिक मामिला	३३,१२,४६३	७४.९३
१,२५,८२६	वातावरण संरक्षण	५४,४७६	४३.२९
८,०४,६९७	आवास तथा सामुदायिक सुविधा	३,५०,५७२	४३.५७
१४,१५,५२४	स्वास्थ्य	७,४९,३३६	५२.९४
६६,९८९	धर्म र संस्कृति	४६,९१८	७०.०४
१८,००,४११	शिक्षा	४,२६,१६६	२३.६७
१८,९८,९६७	सामाजिक सुरक्षा	१६ ८५,५६६	८८.७६

स्रोत: महालेखा नियन्त्रक कार्यालय


द्रष्टव्य: स्वास्थ्य र शिक्षातर्फको खर्चमा प्रदेश तथा स्थानीय तहबाट हस्तान्तरण भई हुने खर्च समावेश छैन ।

चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने संघीय सरकारका मन्त्रालय तथा अन्य निकायहरू

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने संघीय सरकारका पाँच मन्त्रालय तथा अन्य निकायको खर्च विवरण निम्नानुसार छ:

चालु खर्च


(रू. लाखमा)



कुल चालु खर्च ९५४३१६७

पुँजीगत खर्च

(रू. लाखमा)




कुल पुँजीगत खर्च २१६२१३१

स्रोत: महालेखा नियन्त्रक कार्यालय

द्रष्टव्य: चालु र पुँजीगत खर्चवाहेक वित्तीय व्यवस्था खर्च रू.१ खर्ब ३९ अर्ब ४७ करोड रहेको छ ।
प्रदेश र स्थानीय तह ७५ लाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ ।

स्रोतगत खर्च विवरण

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको २०७८/७९ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:




स्रोत: महालेखा नियन्त्रक कार्यालय

- यो वर्ष **नेपाल सरकारको स्रोततर्फको खर्च** रू. ११ खर्ब ५१ अर्ब ८२ करोडमध्ये राजस्वबाट रू. ९ खर्ब ८९ अर्ब ६२ करोड (८५.९२ प्रतिशत) व्यहोरेको छ।
- यो वर्ष **वैदेशिक अनुदानतर्फ** १८ निकायअन्तर्गत रू. ६३ अर्ब ३८ करोडप्राप्त हुने अनुमान रहेकोमा रू. २७ अर्ब ४८ करोड (४३.३६ प्रतिशत) प्राप्त भएको
- यो वर्ष **वैदेशिक ऋणतर्फ** १४ निकायअन्तर्गत रू. ३ खर्ब ९ अर्ब २९ करोडप्राप्त हुने अनुमान रहेकोमा रू. १ खर्ब ३० अर्ब ७० करोड (४२.२६ प्रतिशत) प्राप्त भएको छ।

संघीय सरकारको राजस्व असुली

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको राजस्वको स्रोतअनुसार २०७८/७९ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छ:





गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १३.९३ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ को असुलीमा गत वर्षको नगद मौज्दात र बेरुजू दाखिला भएको रू. ४८ अर्ब ५० करोड ४८ लाख समेत समावेश छ। बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रू. २ अर्ब ८३ करोड ८४ लाख प्राप्त भएको छ। यससम्बन्धी विवरण अनुसूची १३ मा उल्लेख छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।


लेखापरीक्षणबाट देखिएका बेरूजू स्थिति

बेरूजू

यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू रू. १ खर्ब १९ अर्ब ७७ करोड ७० लाख रहेको छ। सो बेरुजू अङ्कको वर्गीकरण निम्नानुसार छ:







स्रोत: महालेखा नियन्त्रक कार्यालय

द्रष्टव्य: १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन ।

२. संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

बेरुजू वर्गीकरणको विवरण मूल प्रतिवेदनको अनुसूची १५, १६ र २१ मा उल्लेख छ।

असुल गर्नुपर्ने बेरुजू: हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजू समावेश गरेका ।

नियमित गर्नुपर्ने बेरुजू: अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको ।

पेस्की: कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्की ।

लेखापरीक्षण र बेरुजू अङ्क

यो वर्ष ६ हजार ५४६ सरकारी निकायको रु. ७१ खर्ब ३८ अर्ब १६ करोड ७४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छ:

सरकारी निकाय

४०६८	१२१८	७५१	५०९	६५४६
संघीय मन्त्रालय तथा निकाय (बक्यौता १६ समेत)	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता ६ समेत)	स्थानीय तह (बक्यौता २ समेत)	संगठित संस्था, समिति र अन्य संस्था	जम्मा


	रकम र बेरुजू (रू. लाखमा)	बेरुजू प्रतिशत
संघीय मन्त्रालय तथा निकाय (बक्यौता १६ समेत)	५६३१०९ / २३५६३३७९	२.३९
प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता ६ समेत)	७२०५० / ३१२७३०५	२.३०
स्थानीय तह (बक्यौता २ समेत)	४२८८०९ / ११०४०१००	३.८८
समिति/अन्य संस्था	१३३८०२ / ३३६५०८८०	०.४०

७१३८१६७४	११९७७७०	१.६८
जम्मा रकम	जम्मा बेरुजू	जम्मा बेरुजू प्रतिशत

द्रष्टव्य: संगठित संस्थाको बेरुजू लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश गरिएको छैन।

अद्यावधिक बेरुजू


संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजू रु. ५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख रहेको छ। अद्यावधिक बेरुजू गत वर्ष भन्दा २१.४५ प्रतिशतले बढेको छ।



अद्यावधिक बेरुजूको विवरण अनुसूची १७ र १८ मा उल्लेख छ।


कारबाही टुङ्गो लगाउनुपर्ने रकम

संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू. ३ खर्ब ७२ अर्ब ४५ करोड रु. १३ लाख रहेको छ।




उक्त रकममा अद्यावधिक बेरुजू रु. ५ खर्ब ८० अर्ब ३३ करोड ९४ लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू. ९ खर्ब ५९ अर्ब ७९ करोड ७ लाख पुगेको छ। कारबाही टुङ्गो लगाउनुपर्ने रकम बढ्नुमा राजस्व बक्यौता तथा बेरुजू रकम मुख्य कारण रहेको देखिन्छ।

संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरूजू हुने मन्त्रालयहरू



लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू प्रतिशत



नोटः अल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९५.१२ प्रतिशत रहेको छ।

प्रदेश सरकारतर्फको बेरुजू प्रतिशत

प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू प्रतिशत **२.३०**

सबैभन्दा बढी बेरुजू प्रतिशत हुने प्रदेश **३.९२** कर्णाली प्रदेश

सबैभन्दा घटी बेरुजू प्रतिशत हुने प्रदेश **१.२३** गण्डकी प्रदेश

स्थानीय तहतर्फ को बेरुजू प्रतिशत

स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू प्रतिशत **३.८८**

५ प्रतिशतभन्दा कम बेरुजू प्रतिशत
५४०

५ देखि १५ प्रतिशतसम्म बेरुजू प्रतिशत
२०५

१५ प्रतिशतभन्दा बढी बेरुजू प्रतिशत
६

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति


संघीय सञ्चित कोष



संघीय सञ्चितकोषको आर्थिक विवरणअनुसार २०७८/७९ मा समग्र राजस्व, अनुदान र ऋण (आन्तरिक र बाह्य) समेत रू. १३ खर्ब ६९ अर्ब ४३ करोड ३३ लाख प्राप्ति मध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ रू. १३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाख खर्च गरी रू. ५९ अर्ब ५५ करोड ९० लाख बचत रहेको देखिन्छ। यो वर्षको उक्त बचतमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रू. १ खर्ब ११ अर्ब ९६ करोड ३४ लाख २०७९ आषाढ मसान्तमा समायोजन गर्दा रू. ५३ अर्ब ९१ करोड १४ लाख ऋणात्मक मौज्दात देखिन्छ। नेपाल सरकारले नगदमा आधारित लेखा प्रणाली अपनाएकोले कोषको मौज्दात ऋणात्मक नहुनुपर्नेमा विगत वर्षदेखि नै यसरी ऋणात्मक मौज्दात देखिएको छ। यस सम्बन्धमा यकिन गरी यथार्थ विवरण तयार गर्नुपर्दछ।

नेपालको समग्र आर्थिक अवस्था


देशको आर्थिक वृद्धिदर पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत तथा २०७८/७९ मा ९.९ प्रतिशत हुने लक्ष्य रहेकोमा ५.८४ प्रतिशतमात्र रहेको छ। पन्ध्रौं योजना र यो वर्ष उपभोक्ता मुद्रास्फीति दर ६ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा ६.३२ प्रतिशत रहेको देखिन्छ। यद्यपि नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार थोक मुद्रास्फीति दर ९.५१ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजना तथा यो वर्ष पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः १८.६ प्रतिशत र १७.४ प्रतिशत गर्ने लक्ष्य रहेकोमा यो वर्ष ४.५ प्रतिशत मात्र पुगेको देखिन्छ। यो वर्ष वैदेशिक अनुदानको उपयोग कुल गार्हस्थ्य उत्पादनको १.४ प्रतिशत रहने उल्लेख गरे पनि ०.४ प्रतिशत मात्र रहेको देखिन्छ। निर्यातलाई यो वर्ष कुल गार्हस्थ्य उत्पादनको तुलनामा १२.६ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ४.१ प्रतिशत रहेको देखिन्छ। मुलुकको विगत ३ वर्षको प्रमुख आर्थिक परिसूचकहरू निम्नानुसार छन:



स्रोत: पन्ध्रौं योजना र आर्थिक सर्वेक्षण २०७९/८०

नोट: योजना अवधिको तेस्रो वर्षको प्रगति योजनाको लक्ष्यभन्दा न्यून रहेकाले समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक देखिँदैनन्। आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्च व्यवस्थापन, वैदेशिक सहायताको प्रभावकारी परिचालन, उपभोग, बचत तथा लगानी विस्तारमा सरकारी, निजी र सहकारी क्षेत्रबाट समन्वयात्मक रूपमा प्रयास गर्नुपर्ने देखिन्छ।


तीन आर्थिक वर्षको राजस्व अनुमान र असुली







असुल प्रतिशत



९४.६
जम्मा असुल प्रतिशत

स्रोत: अर्थ मन्त्रालय, २०७८/७९

नोट: उल्लिखित विवरणअनुसार २०७८/७९ मा रू. ११ खर्ब १६ अर्ब ४१ करोड ७७ लाख (अन्य प्राप्तिसमेत) राजस्व असुल भएको देखिन्छ जुन गत वर्षको तुलनामा १४.१० प्रतिशतले बढी हो। यो वर्षको लक्ष्य रू. ११ खर्ब ८० अर्ब ६० करोड ३ लाखको तुलनामा ९४.६० प्रतिशत सङ्कलन भएको छ। सोमध्ये कर राजस्व रू. ९ खर्ब ८४ अर्ब १६ करोड ४२ लाख र गैरकर राजस्व रू. ८३ अर्ब ७९ करोड ४४ लाख असुल भएको छ।

पन्ध्रौं योजनाको तेस्रो वर्षको उपलब्धि

पन्ध्रौं योजना कार्यान्वयनमा आएको आधार वर्षको तुलनामा तेस्रो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छ:




वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि
६.८	७	५.८



कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि
४.८	३.९	२.३



उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि
१२.२	१०.४	१०.१९



सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि
७.९	७.७	५.९



वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि
४.६	६.५	६.०९



प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)

आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि
१०४७	१३२९	१३८१




गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि
१८.७	१३	–



मानव विकास सूचकाङ्क

०.५७९	०.६११	०.६०२
आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि



अपेक्षित आयु (जन्म हुँदाको वर्ष)

६९.७	७१.५	७१.१
आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि




आधारभूत खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत)

८९	९५	९५
आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि



१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)

९२	९४	८८.९
आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि



विद्युत उत्पादन (जडित क्षमता, मेगाबाट)

१२५०	२९७४	२३८१
आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि



विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत)

८८	९७	९४
आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि



इन्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या (प्रतिशत)

६५.९	८५	८५
आधार वर्ष २०७५/७६	२०७८/७९ को लक्ष्य	अनुमानित उपलब्धि

स्रोत: राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन, २०७८/७९

नोट: अल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि क्षेत्रको वार्षिक वृद्धिदर, उद्योग क्षेत्रको वार्षिक वृद्धिदर र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमश ७ प्रतिशत, ३.९ प्रतिशत, १०.४ प्रतिशत र ७.७ प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमश: ५.८ प्रतिशत, २.३० प्रतिशत, १०.१९ प्रतिशत र ५.९३ प्रतिशत रहेको छ। विद्युत उत्पादन २ हजार ९७४ मेगाबाट जडित क्षमता पुऱ्याउने लक्ष्य रहेकोमा २ हजार ३८१ मेगाबाट र विद्युत पहुँच प्राप्त परिवार संख्या ९७ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९४ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसंख्या १३ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा मध्यावधि समीक्षा गरी प्रगति स्थिति यकिन गरेको देखिएन।

राष्ट्रिय गौरवका आयोजना

(रु. करोडमा)



पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना

६४.१६
भौतिक प्रगति प्रतिशत

२०६४/६५ शुरु वर्ष

२०७९/८० सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१०१५०	५५१	५८८५

(रु. करोडमा)



रेल्वे तथा मेट्रो विकास आयोजना

३८.५
भौतिक प्रगति प्रतिशत

२०६६/६७ शुरु वर्ष

२०७८/७९ सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
९५५२२	३९९	२८४६

(रु. करोडमा)



उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग

२६
भौतिक प्रगति प्रतिशत

२०६४/६५ शुरु वर्ष

२०७९/८० सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
११००	१७१	२८४

(रु. करोडमा)



उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग

३८
भौतिक प्रगति प्रतिशत

२०६५/६६ शुरु वर्ष

२०८०/८१ सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१६२०	७०	४२८

(रु. करोडमा)



उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग

५१
भौतिक प्रगति प्रतिशत

२०६६/६७ शुरु वर्ष

२०७९/८० सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३२७२	२५९	१२६०

(रु. करोडमा)



हुलाकी लोकमार्ग आयोजना

८०.९०
भौतिक प्रगति प्रतिशत

२०६५/६६ शुरु वर्ष

२०७९/८० सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
६५२०	७२४	५२७७

(रु. करोडमा)



रानी जमरा कुलरिया सिँचाइ आयोजना


५८.७०
भौतिक प्रगति प्रतिशत

२०६७/६८ शुरु वर्ष

२०८०/८१ सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२७७०	१८२	१६२०

(रु. करोडमा)



सिक्टा सिँचाइ आयोजना

६७
भौतिक प्रगति प्रतिशत

२०६१/६२ शुरु वर्ष

२०८९/९० सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२५०२	८९	१९००



बबई सिँचाइ आयोजना

२०४५/४६
शुरु वर्ष

६१.२३
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१८९६	१२३	१११५

२०८२/८३
सम्पन्न हुने वर्ष



पशुपति क्षेत्र विकास कोष


२०५७/५८
शुरु वर्ष

८५
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२२७	२५	१४१

२०७८/७९
सम्पन्न हुने वर्ष



लुम्बिनी क्षेत्र विकास कोष

२०६६/६७
शुरु वर्ष

८७
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१३२६	८२	७०२

२०७८/७९
सम्पन्न हुने वर्ष



महाकाली सिँचाइ आयोजना

२०६३/६४
शुरु वर्ष

१५.७३
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३५००	८९	५३७

२०८७/८८
सम्पन्न हुने वर्ष



भेरी बबई डाइभर्सन
बहुउद्देश्यीय आयोजना

२०६८/६९
शुरु वर्ष

५७
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३६८०	१४७	१५४३

२०७९/८०
सम्पन्न हुने वर्ष



बुढीगण्डकी जलविद्युत आयोजना

२०६९/७०
शुरु वर्ष

२२
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२६०००	६०५	४१४८

२०८३/८४
सम्पन्न हुने वर्ष



सुनकोशी मरिन डाइभर्सन
बहुउद्देश्यीय आयोजना

२०७३/७४
शुरु वर्ष

७.६
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
५४७६	२०१	३४९

२०८०/८१
सम्पन्न हुने वर्ष



माथिल्लो तामाकोशी
जलविद्युत आयोजना

२०६७/६८
शुरु वर्ष

१००
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
४९२९	०	५२९८

सम्पन्न
सम्पन्न हुने वर्ष



परिचम सेती जलविद्युत आयोजना

२०६७/६८
शुरु वर्ष

०
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२७३८५	०	०

नखुलेको
सम्पन्न हुने वर्ष



पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

(रु. करोडमा)

२०७१/७२
शुरु वर्ष

९८
भौतिक प्रगति प्रतिशत

२०७९/८०
सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२२००	**0**	**१९०४**



निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

नखुलेको

(रु. करोडमा)

२०७१/७२
शुरु वर्ष

भौतिक प्रगति प्रतिशत

२०८५/८६
सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१६५००	**0**	**९९**



गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

१००

(रु. करोडमा)

२०७०/७१
शुरु वर्ष

भौतिक प्रगति प्रतिशत

२०७८/७९
सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३०८१	**0**	**१६४१**



मेलम्ची खानेपानी आयोजना

९९.४७

(रु. करोडमा)

२०५५/५६
शुरु वर्ष

भौतिक प्रगति प्रतिशत

२०७७/७८
सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३५५४	**३०**	**३०६५**



काठमाडौं तराई मधेश द्रुतमार्ग

२१.१८


(रु. करोडमा)

२०६४/६५
शुरु वर्ष

भौतिक प्रगति प्रतिशत

२०८१/८२
सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२१३९५	**५११**	**३४१९**



राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

४.९९

(रु. करोडमा)

२०६६/६७
शुरु वर्ष

भौतिक प्रगति प्रतिशत

२०९३/९४
सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२४९७०	**१२६**	**१२०८**



विद्युत प्रसारण आयोजना

५.०१

(रु. करोडमा)

२०६७/६८
शुरु वर्ष

भौतिक प्रगति प्रतिशत

–
सम्पन्न हुने वर्ष

कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
७५००	**३०७**	**३०७**

स्रोत: राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन, २०७८।७९

नोट: आवधिक योजनाले राष्ट्रिय गौरवका आयोजनालाई उच्च प्राथमिकतामा राखी स्रोत सुनिश्चितता गर्ने, कार्यान्वयनको सघन अनुगमन गर्ने उल्लेख गरे पनि उक्त आयोजनाहरुको प्रगति अवस्था सन्तोषजनक देखिएन। माथिल्लो तामाकोशी, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र मेलम्ची खानेपानी आयोजनाको निर्माण समपन्न भए तापनि माथिल्लो तामाकोशी बाहेक अन्य आयोजना पूर्ण रूपमा सञ्चालनमा आउन सकेका छैनन्। कार्यान्वयनमा रहेकामध्ये ८ आयोजनाको भौतिक प्रगति ३० प्रतिशतभन्दा न्यून रहेको छ। विस्तृत आयोजना प्रतिवेदन तयार नगरी निर्माण कार्य शुरु गर्नु, आयोजना कार्यान्वयन मोडालिटी स्पष्ट नहुनु, जग्गा प्राप्ति र क्षतिपूर्ति विवाद हुनु, युटिलिटी सर्भिस स्थानान्तरणमा अन्तर निकाय समन्वय नहुनु, सीमाङ्कन रेखांकन विवाद, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत, निर्माण क्षमताको अभाव, कमजोर अनुगमन मूल्याङ्कन लगायत समस्याले गर्दा आयोजना निर्माणको समय र लागत दुवै वृद्धि भएको छ।

२०७८/७९ मा वर्षान्तको खर्च

विनियोजन

रू. १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख

खर्च

रू. १३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाख

आषाढ महिनामा खर्च:

रू. २ खर्ब ७५ अर्ब ९ करोड २५ लाख

अर्थात् **२१ प्रतिशत**

आषाढ महिनाको अन्तिम हप्तामा

रू. ९८ अर्ब ९९ करोड ७१ लाख ८१ हजार

अर्थात् कुल खर्चको **७.५६ प्रतिशत**

नोट: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ कोव्यवस्था पालना गरी आषाढको तेस्रो हप्ताभन्दा पछि खर्च तथा भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

२०७८/७९ मा रकमान्तर



कुल बजेट

रू. १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख

रकमान्तर

रू. १ खर्ब ९६ अर्ब ४१ करोड ४८ लाख ८४ हजार (१२.०३%)

- आषाढ महिनामा रकमान्तर: **रू. ८२ अर्ब ८० करोड ६७ लाख ८५ हजार**
- आषाढको अन्तिम हप्तामा रकमान्तर: **रू. २६ अर्ब ९९ करोड ६९ लाख ७१ हजार**

रकमान्तर गरी विभिन्न उपशीर्षकमा रकम थप गरेको छ।

नोट: बजेट खर्च हुन नसक्ने अवस्थामा पनि विभिन्न उपशीर्षकबाट रकमान्तर गर्नु उपयुक्त नदेखिँदा यसप्रकारको कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ।

२०७८/७९ मा वैदेशिक सहायता

नेपाल सरकारको कुल खर्च:

रू. १३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाख





वैदेशिक सहायताले ओगटेको:

रू. १ खर्ब ५८ अर्ब १८ करोड १७ लाख (१२.०७%)

प्राप्त हुने अनुमान

वैदेशिक अनुदान — **रू. ५९ अर्ब ९१ करोड ९९ लाख**

वैदेशिक ऋण — **रू. २ खर्ब ८३ अर्ब ८ करोड ८७ लाख**

रू. ३ खर्ब ४३ अर्ब ८६ लाख



प्राप्त भएको



वैदेशिक अनुदान

रू. २४ अर्ब १४ करोड ९० लाख

समग्रमा वैदेशिक सहायता **४६.६७** प्रतिशत

रू. १ खर्ब ६० अर्ब ९ करोड ११ लाख



वैदेशिक ऋण

रू. १ खर्ब ३५ अर्ब ९४ करोड २१ लाख

उपयोग भएको

प्राप्त ऋण — **रू. १ खर्ब ३५ अर्ब ९४ करोड २१ लाख**

उपयोग भएको — **रू. १ खर्ब ३५ अर्ब ७० करोड**

२०७८/७९ मा सार्वजनिक ऋण



नेपाल सरकारको कुल तिर्न बाँकी ऋण

रू.२० खर्ब १३ अर्ब २९ करोड ६४ लाख

बाह्य ऋण:
रू. १० खर्ब २५ अर्ब ८४ करोड ७१ लाख



आन्तरिक ऋण:
रू. ९ खर्ब ८७ अर्ब ४४ करोड ९३ लाख



ऋण दायित्व:
रू. २ खर्ब ७५ अर्ब ६५ करोड ९६ लाख

गतवर्षको तुलनामा वृद्धि





नोट: बाह्य ऋण भारका सन्दर्भमा उपयुक्त नीति तर्जुमा गर्नुपर्दछ । त्यसैगरी पुँजीगत शीर्षकमै आन्तरिक ऋण उपयोग भएको अवस्थामा पुँजीगत खर्चबाट मूल्य सार्थकता प्राप्त भएको सुनिश्चित गरेर मात्र ऋणको परिचालन गर्नुपर्दछ ।

उक्त ऋण कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात **४१ प्रतिशत** पुगेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुपात **३८.०५** र २०७७/७८ मा **४०.७३ प्रतिशत** रहेको थियो।

वित्तीय हस्तान्तरण

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ (१) (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने व्यवस्था छ। आर्थिक वर्ष २०७९/८० मा संघीय बजेटमा व्यवस्था भएको अनुदान हस्तान्तरणको अवस्था देहायबमोजिम छ:







जम्मा अनुदान
(रू. अर्बमा)

प्रदेश	स्थानीय	जम्मा
१२९.५	३००.३	४२९.८

राजस्व बाडफाँट

(रू. अर्बमा)



प्रदेश	स्थानीय	जम्मा
८१.५	८१.५	१६३

कुल बजेटमा हिस्सा



७.२%	१६.७%	२३.९%
प्रदेश	स्थानीय	जम्मा

जम्मा हस्तान्तरण

(रू. अर्बमा)



२११	३८१.९	५९२.९
प्रदेश	स्थानीय	जम्मा

कुल बजेटमा हस्तान्तरण



११.८%	२१.३%	३३.१%
प्रदेश	स्थानीय	जम्मा

२०७८/७९ र २०७९/८० मा प्रदेश र स्थानीय तहलाई संघीय बजेटको औसत २४ र २३.९ प्रतिशत अनुदान र राजस्व बाँडफाँट तथा अनुदान समेत गर्दा संघीय बजेटको ३१.७ र ३३.१ प्रतिशत वित्त हस्तान्तरण भएको जुन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १२.३ प्रतिशत देखिन्छ। नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकम खर्च नभएमा संघीय सञ्चित कोषमा फिर्ता पठाउनुपर्नेमा महालेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सशर्त, समपूरक र विशेषतर्फ प्रदेश तथा स्थानीय तहमा २०७८/७९ सम्म रू. १ खर्ब ७८ अर्ब ६७ करोड संघीय सञ्चित कोषमा फिर्ता नभई सम्बन्धित सरकारको कोषमा मौज्दात रहेको अवस्था छ।

करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या

आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्त: शुल्क ऐन, २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिए बमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छ:

२०७८/७९ सम्म

१७६२४१३	३०५०३०४	१८०९४
व्यावसायिक स्थायी लेखा नम्बर	व्यक्तिगत स्थायी लेखा नम्बर	अग्रिम कर स्थायी लेखा नम्बर

जम्मा ४८३०८११


मूल्य अभिवृद्धि करमा दर्ता	२९१३६१	अन्त: शुल्क इजाजतपत्र	१३११२७

स्रोत: आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उपर्युक्त विवरणअनुसार २०७७/७८ को तुलनामा यस वर्ष स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा आयकरतर्फ १९.०१, मूल्य अभिवृद्धि करतर्फ २.१९ र अन्त:शुल्क इजाजतपत्रतर्फ २६.७८ प्रतिशतले वृद्धि भएको छ। यस वर्षसम्म ४८ लाख ३० हजार ८११ करदाता करको दायरामा आएको देखिन्छ। चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक, प्राध्यापकलगायतका पेशाविद् अधिकांशले स्थायी लेखा नम्बर नलिएका र लिएकाले समेत नियमित आय विवरण दाखिला गरेको देखिँदैन। सम्बद्ध निकायबीच अन्तरआबद्धतासहित उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२०७८/७९ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमको मूल्याङ्कन

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीबाट प्राप्त विवरणअनुसार २०७८/७९ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमको मूल्याङ्कन गरेको देखिन्छ। मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयका क्रियाकलाप र माइलस्टोनलाई आधार लिएको छ। सो आधारमा मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयहरूबाट २०७९ आषाढ मसान्तसम्मको अवस्था देहायअनुसार छ:




भूकम्प पश्चात्को पुनर्निर्माणको अवस्था

२०७२ सालको भूकम्प पश्चात्को पुनर्निर्माण तथा पुर्नस्थापना कार्यको लक्ष्य प्रगति स्थिति,

पुनर्निर्माण गर्नुपर्ने संख्या

९२०	४१४	११६४	१०६	२१६
पुरातात्विक सम्पदा	सरकारी भवन	स्वास्थ्य संस्था	एकीकृत बस्ती विकास तथा सुधार	सुरक्षा निकायको भवन

२०७८/७९ सम्मको प्रगति



नोट: पुरातात्विक सम्पदा र एकीकृत बस्ती विकास तथा सुधारलगायतका कार्यहरु सम्पन्न भएका छैनन्। बाँकी कार्य सम्पन्न गर्न थप पहल गर्नुपर्ने देखिन्छ।

राष्ट्रिय परिचयपत्र कार्ड वितरणको अवस्था

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट उपलब्ध विवरणअनुसार
२०७६/४/३१ देखि २०७९ आषाढ मसान्तसम्म



- आवेदन दर्ता भएको: **८० लाख ७५ हजार ४६**
- कार्ड प्राप्त भएको: **५१ लाख १७ हजार** अर्थात् **६३.३६%**
- छपाइ भएको: **३ लाख ६७ हजार कार्ड**
- वितरण भएको: **१ लाख १७ हजार २५** अर्थात् आवेदनको **४.५४%**
- आवेदन दर्तामध्ये छपाइ हुन नसकेको: **७७ लाख ८ हजार ४६**


नोट: २०७८।७९ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा विद्युतीय राहदानीसँग २०७८/८/१ देखि अन्तरआबद्धता गरेकोले परिचयपत्र नम्बर प्राप्त नभएसम्म राहदानीको लागि निवेदन दिन नमिल्ने अवस्थामा आम नागरिकलाई असुविधा हुन गएकोले शीघ्र व्यवस्थापन गर्नुपर्दछ।

लेखापरीक्षण कार्यान्वयनको अवस्था

प्रतिक्रियाबाट बेरूजू फर्स्यौट विवरण

दफा

(रू. लाखमा)




जम्मा दफा

प्रारम्भिक प्रतिवेदन	प्रतिक्रियाबाट फर्स्यौट	यस वर्षको फर्स्यौट हुन बाँकी
१३५२७०	७४३२	१२७८३८

रकम

(रू. लाखमा)




जम्मा रकम

प्रारम्भिक प्रतिवेदन	प्रतिक्रियाबाट फर्स्यौट	यस वर्षको फर्स्यौट हुन बाँकी
१२९५५७६	९७८०६	११९७७७०

बेरूजू फर्स्यौट तथा सम्परीक्षणको विवरण

(रू.लाखमा)

बेरुजू फर्स्यौट तथा सम्परीक्षणको विवरण



जम्मा

फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजू	अद्यावधिक बाँकी बेरुजू
१५०१७२	४६७५६२४	११९७७७०	५८७३३९४

विगतको बेरुजू

संघीय सरकारी कार्यालयहरु	प्रदेश सरकारी कार्यालयहरु	स्थानीय तह	अन्य संस्था समिति (प्रदेश समेत)	जम्मा
२४७१३८१	१८२७११	१३६३२२४	८१८६४८	४८३५९६४

समायोजनबाट थप (घट)


संघीय सरकारी कार्यालयहरु	प्रदेश सरकारी कार्यालयहरु	स्थानीय तह	अन्य संस्था समिति (प्रदेश समेत)	जम्मा
-२२४	१२	०	-९९५६	-१०१६८

बेरुजू सँग सम्बन्धित केही तस्वीरहरू

क. पुल निर्माणको विद्यमान अवस्था

नेपाल सरकारका विभिन्न निकाय पुल निर्माणमा संलग्न छन् । स्थानीय सडक पुल र रणनैतिक सडक पुल गरी दुइ बजेट उपशिर्षकमा पुल निर्माण गरिरहेको सडक विभाग पुल निर्माण र मर्मत सम्भारका लागि प्रमुख निकायका रुपमा रहेको छ । आ व २०७५।०७६ लाई आधार वर्षको रुपमा लिइएको पन्ध्रौ योजनाले २ हजार ३ सय ११ पुल निर्माण भैसकेको उल्लेख भएको सन्दर्भमा विगत ४ आर्थिक वर्षमा पुल निर्माणको लक्ष्य र प्रगति निम्नानुसार रहेको छ:

विगत ४ वर्षमा पुल निर्माणको लक्ष्य र प्रगति



ख. निर्मित र निर्माणाधिन पुल क्षति

नेपालमा बाढी, पहिरो, भुकम्प, निर्माणाधिन अवस्थामै क्षति लगायतका कारणबाट वर्षेनी पुलहरु भत्कने गरेका वा क्षति हुने गरेका छन् । पुलहरुको क्षति हुनुका विभिन्न कारण सम्बन्धमा २३ निकायको धारणा निम्नानुसार देखाईएको छ:

निर्मित तथा निर्माणाधिन पुल क्षति हुनुका कारण



ग. डिजाइनमा त्रुटि, लुम्बिनी प्रदेश

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ। जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय रुपन्देहीको रोहिणी सिँचाइ योजना अन्तर्गत हेडवर्क, गाइडवण्ड र प्रोटेक्सन निर्माण कार्य २०७७/७८ मा सम्पन्न गरी रु. ३० करोड ७७ लाख ६८ हजार भुक्तानी भएको छ। सिँचाइ योजनाको नहर हेडवर्क भन्दा माथि रहेको, हेडवर्कको कारण हाल वरिपरीको क्षेत्र डुवान भएको, हेडवर्क बाँधको उचाई नबढाइ नहरमा पानी नजाने अवस्था रहेको र बाँधको उचाई बढाएमा स्थानीय क्षेत्र डुवानमा पर्ने भएकोले उक्त योजनाबाट हालको अवस्थामा सिँचाइ हुन सक्ने अवस्था देखिएन। हेडवर्कको काम बापत रु ३० करोड ७७ लाख ६८ हजार र नहर संरचान बापत रु. ८ करोड ७८ लाख ५१ हजार समेत कुल रु. ३९ करोड ५६ लाख १९ हजार भुक्तानी भएकोमा स्थलगत निरीक्षण गर्दा उक्त योजना सञ्चालनमा रहेको देखिएन।















महेन्द्र राजमार्गमा रहेको बैकया ब्रिजको पायरमा ज्याकेटिङ्ग गर्नुपर्ने देखिएको, पुल माथि बिजुलीको पोल राखि सञ्चालन गरिएकोले विद्युतिय जोखिम बढेको, पुलको ऋब खस्न थालेका र एक्सपान्सन ज्वाईन्ट मर्मत सम्भार गर्नुपर्ने देखिएको छ। पुलको बायाँ भागको नदि तटबन्द, पायरको वेदरिङ्ग, रिभर बेड डाउन र लन्चिङ एप्रोन दबेको वा मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेकोले समयमै मर्मत सम्भारका लागि विभाग र डिभिजनले आवश्यक कार्य गर्नुपर्दछ।











सडक डिभिजन जनकपुर अन्तर्गत महेन्द्र राजमार्गमा रहेको बेलगाछी पुलमा रिभर मेटरियल जम्मा भैसकेको र पुलको स्लाब र ज्वाईन्टमा रडहरु देखिएको अवस्थामा रहेका छन्। रणनीतिक महत्वको महेन्द्र राजमार्गमा पर्ने यस पुलको निर्वाध सञ्चालनका लागि सेफ्टि बेरियर सहित वर्षायामको भेलले ल्याउने रोडा ढुंगालाई हटाई सुरक्षित राख्न विभाग र डिभिजनले आवश्यक कार्य गर्नुपर्दछ।



सडक डिभिजन जनकपुर अन्तर्गत सन् १९७७ देखि सञ्चालनमा रहेको महेन्द्र राजमार्गको धनुषामा रहेको कमला पुलको डेकमा भर्टिकल क्र्याक आएको र पुलका ३ पायरको बेस क्याप मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेका छन्। एप्रोज स्ल्याब लगायतका ज्वाईन्ट रिप्लेसमेन्ट गरिएतापनि सवारी ओहोरदोहोर गर्दा कम्पन भई आवाज आउने अवस्थामा रहेकोले पश्चिम जोड्ने यस पुलको निर्वाध सञ्चालनका लागि विभाग र डिभिजनले आवश्यक कार्य गर्नुपर्दछ।







संरचनाको उपयोग तथा संरक्षण, कोशी प्रदेश

कटहरी फलफूल तथा तरकारी थोक बजार निर्माण गर्न जनप्रिय माध्यमिक विद्यालय, कटहरी गाउँपालिका, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय हरिहर भवन, विराटनगर महानगरपालिका र एकीकृत कृषि थोक बजार निर्माण उपभोक्ता समितिबीच विद्यालयको स्वामित्वमा रहेको ४ विघा दुई कट्ठा र गाउँपालिकाको स्वामित्वमा रहेको १८ कट्ठा २ धुरसमेत कुल ५ विघा दुई धुर जग्गामा कृषि उपज बजार स्थापना गरी सञ्चालन गर्न ५० वर्षको म्याद रास्ती २०६८/१२/९ मा पाँच पक्षबीच सम्झौता भएको देखिन्छ। उक्त बजार स्थापनाका लागि विश्व बैंकको सहायतामा व्यवसायिक कृषि तथा व्यापार आयोजनाबाट रु. १५ करोड ४८ लाख ४९ हजारको लागतमा २०७५ मा कृषि बजारका संरचनाहरु निर्माण सम्पन्न भएको पाईयो ।













हाल उपयोग विहीन अवस्थामा रहेको कटहरी २ स्थित कृषि बजारका संरचनाहरु

उक्त बजारमा निर्मित संरचना कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट २०७५/११/२३ मा कोशी प्रदेश सरकारलाई हस्तान्तरण गरेकोमा प्रदेश सरकारले विकास समितिको गठन गरी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ ।

कठहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७७ अनुसार भाडा निर्धारण उप समितिको सिफारिस पश्चात एक विशिष्ठीकृत सहकारी संघलाई २०७५/१०/८ देखि वार्षिक रु. १९ लाख २० हजार भाडा प्राप्त गर्ने गरी बजार सञ्चालनमा आए पनि तथा वार्षिक भाडा रकम असुल भएको देखिएन। उक्त बजारको स्थलगत निरीक्षण गर्दा निर्मित भौतिक संरचनाको संरक्षण गर्दै उपयोगमा ल्याएको नदेखिएकोले सम्बन्धित स्थानीय तहसमेतको समन्वयमा निर्मित संरचनाको प्रभावकारी उपयोग गर्दै भाडा असुलीमको लागि मन्त्रालयले प्राथमिकता साथ पहल गर्नुपर्दछ ।

अक्सिजन प्लान्ट जडान, कोशी प्रदेश

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने र स्वीकृत स्पेसिफिशेन र गुणस्तर बमोजिम नभए त्यस्तो सामान आपूर्तकलाई नै फिर्ता गर्ने व्यवस्था छ। जिल्ला अस्पताल, तेह्रथुमले ३५ किलोवाटको कम्प्रेशर मेशिनसहितको अक्सिजन प्लान्ट खरिद गर्दा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल इन्जिनियरले मिति नखुलाई दिएको परीक्षण प्रतिवेदनमा स्पेशिफिकेशनमा अक्सिजन प्युरिफाई सुड वी ९३±३% उल्लेख भएकोमा प्लान्टले शुद्ध अक्सिजन उत्पादन गर्ने परिमाण र स्पेशिफिकेशनको सर्त सम्बन्धमा प्रतिवेदन मौन रहेको छ । सम्झौताअनुसार ३५ किलोवाटको एअर कम्प्रेशर आपूर्ति हुनुपर्नेमा आपूर्ति गरेको कम्प्रेशर २० हर्सपावर (२० एच.पी.) अर्थात् १५ (१४.९२) किलोवाट मात्र देखिएको प्रतिवदेनमा उल्लेख छ। उक्त प्रतिवेदनको आधारमा ३५ किलोवाटको एअर कम्प्रेसर भएको अक्सिजन प्लान्ट आपूर्ति गर्नुपर्नेमा १५ किलोवाटको आपूर्ति गरेको र आपूर्तकलाई पुनः चकिन गर्न पत्राचार गरेकोमा आपूर्तकले १५ किलोवाट/२० एच.पी. एअर कम्प्रेसर नै प्रस्ताव गरेको जानकारी दिएको छ। उक्त अक्सिजन प्लान्ट नियमित सञ्चालनमा नरहेको र लेखापरीक्षणको क्रममा पनि संचालन हुन सकेको देखिएन। अक्सिजन प्लान्ट संचालन हुन सक्ने अवस्थामा नरहेकोले सोको लागि भुक्तानी भएको रु. १ करोडको सम्बन्धमा छानविन गरी खरिद प्रक्रियामा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।



३५ किलोवाट को कम्प्रेशर मेशिन सहितको अक्सिजन प्लान्ट जडान गर्नुपर्नेमा १५ किलोवाट क्षमताको जडान गरेको ।

प्रदेश सङ्ग्रहालय, गण्डकी प्रदेश

सम्झौता कार्यान्वयन कार्यालयले एक कम्पनीसँग संग्रहालय परिसरमा पसलकवल संचालनको लागि मासिक भाडा रु. ६५ हजार लिने र प्रत्येक दुई बर्षमा १० प्रतिशत वृद्धि गर्ने गरि २०७७ पौष मसान्त सम्मको लागि २०६७/१०/०३ मा सम्झौता गरिएकोमा निम्न व्यहोरा देखियो ।

भाडामा दिएको पसलकवल संझौताको बुँदा नं १४ अनुसार भाडामा दिएको पसलकवल पुरातत्व विभाग अन्तर्गत तत्कालीन क्षेत्रीय संग्रहालय तथा हाल प्रदेश संग्रहालय गण्डकी प्रदेश पोखरा, कास्की, नयाँ बजारले जुनसुकै बखत चाहिएमा एक महिना म्याद भित्र पसल खाली गरी चेकजाँच गरी पसलको साँचो बुझाउने सम्झौता गरेकोमा सम्झौता नवीकरण नहुने र पसलकबल खाली गर्न पत्राचार गरिएकोमा लेखापरीक्षण अवधिसम्म सो पसल कवल खाली नगरेको र भौतिक संरचना समेत तोडफोड गरी जीर्ण पारेको देखियो । कार्यालयले तोकिदिएको मापदण्ड अनुसार संरचना बनाउने र यसको मर्मत संभार उक्त कम्पनीले गर्ने र १० वर्ष पश्चात उक्त संरचना कार्यालयलाई हस्तान्तरण गर्ने सम्झौता विपरित भवन हस्तान्तरण नगरी तोडफोड गरी जीर्ण बनाएकोले संम्झौतामा उल्लेख भए अनुसार क्षतिको उपयुक्त मुल्याङ्कन गरी सरकारी बाँकी सरह असुल गर्नुपर्ने देखिन्छ ।



उक्त बजारमा निर्मित संरचना कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट २०७५/११/२३ मा कोशी प्रदेश सरकारलाई हस्तान्तरण गरेकोमा प्रदेश सरकारले विकास समितिको गठन गरी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ।

कठहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७७ अनुसार भाडा निर्धारण उप समितिको सिफारिस पश्चात एक विशिष्ठीकृत सहकारी संघलाई २०७७/१०/८ देखि वार्षिक रु. १९ लाख २० हजार भाडा प्राप्त गर्ने गरी बजार सञ्चालनमा आए पनि तथा वार्षिक भाडा रकम असुल भएको देखिएन। उक्त बजारको स्थलगत निरीक्षण गर्दा निर्मित भौतिक संरचनाको संरक्षण गर्दै उपयोगमा ल्याएको नदेखिएकोले सम्बन्धित स्थानीय तहसमेतको समन्वयमा निर्मित संरचनाको प्रभावकारी उपयोग गर्दै भाडा असुलीमको लागि मन्त्रालयले प्राथमिकता साथ पहल गर्नुपर्दछ ।

अडिटोरियम संचालन, गण्डकी प्रदेश

सरकारी सम्पत्तिहरुको उचित सदुपयोग हुनुपर्दछ । तालिम केन्द्रको परिसरमा वि.स. २०५२ मा निर्माण सुरु भई रू. ६० लाख लागतमा वि.स. २०५५ मा निर्माण सम्पन्न भएको ८४१.०२ वर्ग मिटर क्षेत्रफलमा फैलिएको अडिटोरियम भवन निर्माण सम्पन्न भए देखि नै प्रयोग विहिन अवस्थामा छ। १० वटा कोठा र दुई शौचालयहरु सहित २१० जना सहभागीहरु अटाउने फलामका कुर्चीहरु सहितको तालिम केन्द्रका सम्बन्धमा पदाधिकारीहरु सँगाको छलफलमा हल भित्र ईको ध्वनी आउने भएकोले आवाज बुझ्न नसिकिएको, पानीको लाईन नजोडीएकोले शौचालय प्रयोग गर्न नसकिएको, निर्माण गरिएका बरन्डाहरुमा जाने बाटो नबनाईएको, गर्मी समयमा तापक्रम व्यवस्थापन गर्ने व्यवस्था नभएको कारणले भवन प्रयोगमा ल्याउन नसकिएको जनाएका छन्। यसरी अन्तराष्ट्रिय दातृ संस्थाबाट ऋण लिई निर्माण गरिएको संरचना प्रयोग विहिन हुँदा साधन स्रोतको उत्पादनमुलक उपयोग भएन साथै राज्यलाई आर्थिक भार परेको अवस्था छ। भवनको संचालनको लागि आवश्यक व्यवस्था गरी संचालनमा ल्याउनु पर्ने देखिन्छ ।



दरौदी जरेवर पुल

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई निर्माण स्थलवाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई मुआव्जा वा क्षतिपुर्ति वितरण गर्नुपर्नेमा सोको लागि वजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानुन वमोजिम गर्नुपर्ने वातावरणिय अध्ययनको प्रतिवेदन स्विकृत नगरी तथा प्रचलित कानुन वमोजिम गर्नुपर्ने वातावरणिय अध्ययनको प्रतिवेदन स्विकृत नगराई वोलपत्र आह्वान गर्न नहुने व्यवस्था रहेको छ । कार्यालयले वहुवर्षिय आयोजनाका रुपमा कार्यान्वयन गरेको दरौदी जरेवर मोटरेवल पुल निर्माण कार्यको लागि एच टि सि। जि के सि। आइ एस एन एस जेभि सँग रु. ५,३९,८०,८९१।६९ मा सम्झौता गरेकोमा ८ औं रनिङ विलसम्म रु. ४,८७,७६,८०८।०० भुक्तानी गरेको छ। निर्माण कार्यको वि ओ क्यु तयार गर्दा पुलको दाँयातर्फ १५० मिटर वाटो तथा वाँयातर्फ ११० मिटर वाटोको कार्य गर्ने गरी वि ओ क्यु तयार भएको देखिन्छ। सम्झौता पश्चात पुलको ८४ प्रतिशत कार्य सम्पन्न भए पश्चात पुलको वाँयातर्फको ११० मिटर बाटो सामुदायिक वन क्षेत्रमा पर्ने भनी निर्माण स्थलको अवरोध पश्चात कार्यालयले वन क्षेत्रको प्रयोग गर्ने सम्वन्धमा संक्षिप्त वातावरणिय अध्ययन गर्न मन्त्रालयवाट कार्यक्षेत्रगत शर्त स्विकृत गरी कार्य अगाडी वढाएको जनाएको छ। यसरी निर्माण स्थलको सुनिश्चितता नभई तथा ठेक्का पुर्व गर्नुपर्ने कार्य नगरी ठेक्का सम्झौता गर्दा निर्माण कार्य सम्पन्न हुन सकेको पैन। कार्यालयले निर्माण स्थलको सुनिश्चितता गरेर मात्र ठेक्का सम्झौता गर्नुपर्दछ ।





डिभिजन सडक कार्यालय, बुटवल

ठेक्का नं ८६।२०६८।६९ बाट धनेवा पुल (गोवरीय मझहवा बदेरा) निर्माणको लागि रू. ३ करोड ७१ लाख ३८ हजारमा म्याद थप अवधि २०७९।६।२५ सम्म काम सम्पन्न गर्ने गरी २०६९।३।२६ मा ठेक्का सम्झौता भएको देखियो। उक्त निर्माण कार्यको शत प्रतिशत भौतिक प्रगति देखाएतापनि निर्माण व्यवासयीलाई हालसम्म रू. २ करोड ५३ लाख ६२ हजार भुक्तानी भैसकेको र अन्तिम विल पेश गरेको छैन। ६० मिटर लम्बाईको पुल निर्माण सम्पन्न गरी लोड टेस्टीङ समेत गरी पुल सन्चालनमा ल्याएको देखियो। लेखापरीक्षणको सिलसिलामा २०७९।८।२८ मा स्थलगत निरीक्षण गर्दा २ पायर मध्ये पिलर रहेको उत्तर तर्फको पायर ३५ से.मी. पश्चिम तर्फ बढेकोले पुलको स्ल्याप सिधा नभई बाङ्गो र घुमेको देखियो। पुल निर्माण गर्दा पायरको केन्द्र विन्दु वाहिर परेकोले पुल बाङ्गो र घुमेको देखियो। यस पुलको प्राविधिक परीक्षण गराई पुल सुरक्षित भए नभएको यकिन गरेर मात्र कार्य सम्पन्न तथा भुक्तानी गर्नुपर्दछ।





ग्रामिण सडक संजाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाई, पर्वत

(क) लुंखु हुवास सडक निर्माण

कार्यालयले, ठेक्का नं १।२०७५।७६, लुंखु हुवास सडक निर्माण कार्यको छैटौं विलको भुक्तानी गर्दा चेनेज नं. ००+०० देखि ०+९००, २+७७० र २+९०० देखि ३+१६० सम्म ११७७८ वर्गमिटर सब ग्रेडको कार्य गरी प्रति वर्गमिटर रु. ४० का दरले रू. ४७११५० भुक्तानी भएकोमा मिति २०७९।०५।११ गते भएको स्थलगत निरीक्षणमा सडकको सब ग्रेडको विग्रेको देखियो। सब ग्रेड पुन: निर्माण भएको प्रमाण पेश हुनुपर्दछ।





(ख) मुडिकुवा लुंखु सडक निर्माण

ठेक्का नं. १०।२०७४।७५, मुडिकुवा लुंखु सडक निर्माण कार्य अनुतर्गा चेनेज नं. १६+५०० नजिक पहिरो गएको कारण उक्त खण्डको चेनेज नं. १६+३०० देखि १७+६०० सम्म करीब १३०० मिटर सडक पहिरो गएको कारण सडक निर्माण कार्य गरेको छैन। चेनेज नं. १६+३०० बाट उक्त सडक संचालनको लागि बैकल्पिक मार्गको रुपमा प्रयोग गरी उक्त सडक चेनेन नं. १८+२३० मा जोडीएको छ । तर कार्यालयले चेनेज नं. १७+६०० देखि १८+२३० करिव ६३० मिटर सडकमा रू. १ करोड ३३ लाख खर्च गरी गरेको अस्पाल्ट कालोपत्रे प्रयोग विहिन रहेको छ। तसर्थ उक्त चेनेजको सडक निर्माण हुनुपर्दछ।





पूर्वी क्षेत्र पुल सेक्टर नं. १, धरान

डिजाइन एण्ड विल्ट विधिअन्तर्गत झापा र मोरङ्ग जिल्ला जोडने ४०० मिटर लम्बाई भएको रतुवाखोलामा पुल निर्माण ४२ महिनाभित्र सम्पन्न गर्ने गरी रू. ५० करोड २० लाख २ हजारमा २०७४/०३/११ सम्झौता भएकोमा यस वर्ष सम्म रू. ३५ करोड ७१ ख ९ हजार खर्च भएको छ। मिति २०७९/०९/८ मा भएको स्थलगत निरीक्षणको क्रममा मोरङ्ग जिल्लातर्फ रिभर ट्रेनिङ्ग वर्क अन्तरगत पुलको एबुटमेटबाट उत्तरतर्फको भागमा करिव १०० मिटर क्षेत्रमा रिभर ट्रेनिङ्गको कार्य भएको देखिएन। जसबाट पुलको स्ट्रक्चर नजिक रिट्रेनिङ्ग वर्क नहुदाँ खोलाको पानीले पुलको एप्रोच सडक, एबुटमेन्ट तथा वस्तीमा असर गर्ने अवस्था रहेको छ। रिभर ट्रेनिङ्ग वर्कको कार्य अधुरो रहने तथा जसबाट पुलको संरचनामा समेत असर पर्ने देखिएकोले यस सम्बन्ध तालुक निकायले ध्यान दिनुपर्दछ ।



पुल सेक्टर ३, नेपालगंज

पुलको आसपासवाट करिव ५०० मिटरमा कुनै पनि क्रसर उद्योग सञ्चालन गर्न नपाइने कानुनी व्यवस्था छ। बर्दिया जिल्लामा अवस्थित नेपालकै सवैभन्दा लामो कर्णाली नदिमाथि निर्माण भएको उक्त पुलको पुर्वपट्टिको एप्रोच स्ल्याव मुनि स्कोरिङ भइ हाल पुलु सेक्टर नेपालगञ्जले मर्मत कार्य गरिरहेको स्थलगत अनुगमनका क्रममा देखियो। उक्त पुलको पश्चिम पट्टि पुलको छेउमा नै क्रसर उद्योग सञ्चालन गरेको देखियो। पुलको छेउमा नै क्रसर उद्योग सञ्चालन गरी पुल तथा पुलको एप्रोच सडकलाई जोखिमा पारेको देखिन्छ। सम्वन्धित निकायले उक्त क्रसर हटाइ पुल र एप्रोच सडकलाई संरक्षण गर्नुपर्दछ।





आयोजना निर्देशनालय (ए.डी.बी.)

निर्देशनालय र एक निर्माण व्यवसायी बीच २०८०/१०/०९ मित्र ४.५ तलाको भवन निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८/१०/१० मा रू. २८ करोड ५१ लाख ६० हजारको सम्झौता अनुसार मिति २०७९/०७/२० सम्म तेस्रो तलसम्मको स्टकस्चरको कार्य गरीसक्नुपर्ने उल्लेख छ। साथै स्वीकृत कार्यतालिका निर्माण व्यवसायीतबाट ६ प्रकारका ईक्युपमेन्ट र निर्माण सामाग्री मोविलाईजेशन गरे पश्चात् दोस्रो किस्ता ७.५ प्रतिशत पेश्की दिने व्यवस्था छ। कार्यालयले २०७९/०२/०५ मा निर्माण व्यवसायीलाई दोस्रो किस्ता पेश्की रू. १ करोड ८७ लाख २ हजार दिएको छ। तर मिति २०७९/०७/२० मा भएको स्थलगत निरीक्षणबाट निर्माण स्थलमा दुईवटा एकस्भेटर परिचालन गरी जग खन्ने कार्य आंशिक मात्र भएको तथा सम्झौता अनुसार साईट मोविलाईज भएको देखिएन।





सडक डिभिजन, विरेन्द्रनगर

(क) न्यून कार्य प्रगती

सम्झौता भएको ४२ महिना अर्थात् मिति २०७१/९/२८ भित्र कार्यसम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा हाल सम्म २७ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। शुरु डिजाइनमा २ वटा Pier को Well Foundation गर्ने उल्लेख भएकोमा सो कार्य गर्न कठीनाई उत्पन्न भएकोले डिजाइन/ड्राइङ रिभ्यु गर्न निर्माण व्यवसायीबाट माग भए अनुसार २०७२।२।१३ मा Revised Drawing/Design स्वीकृत भएको थियो। सो बमोजिम पनि Well Foundation को कार्य सम्पन्न हुन नसकेकोले निर्माण व्यवसायीको माग बमोजिम आवश्यक परीक्षण गरी उचित डिजाईन प्रस्तुत गर्न २०७२/११/२१ मा कार्यालयबाट पुनः पत्राचार भएकोमा २०७६/९/२ मा मात्र निर्माण व्यवसायीबाट Alternative Pile Design पेश भई २०७६/९/१८ मा स्वीकृत भएको थियो। निर्माण व्यवसायीबाट ढिलो गरी डिजाइन ड्राइङ पेश भएको तथा समयमा नै स्वीकृत डिजाइन बमोजिम कार्य नभएकाले पुलको निर्माण कार्य ढिलो हुन गई पाँच पटकसम्म म्याद थप भई २०८०/३/३० सम्म म्याद कायम गरिएको छ। पछिल्लो डिजाइन स्वीकृत भएको ३ वर्ष व्यतित भई सक्दा समेत Pier को कार्यसम्म पनि सम्पन्न भएको देखिएन। निर्माण व्यवसायीबाट तीव्रतर गतिमा कार्य नभएमा थपिएको म्यादमा समेत सम्पूर्ण कार्य सम्पन्न हुन सक्ने देखिँदैन। कार्यालयले थप भएको म्याद भित्र कार्य सम्पन्न गराउने र सो हुन नसकेमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको कारबाही गर्नुपर्दछ।





(ख) सुपरस्ट्रक्चरमा क्र्याक

सिजा खोलाको पुल निर्माणको क्रममा सुपरस्ट्रक्चरको प्रि स्ट्रेसिङ गर्ने क्रममा सुपरस्ट्रक्चर चर्केको देखिन्छ । निर्माण व्यवसायीले तोकिएको स्पेशिफिकेशन अनुसार पुल निर्माण कार्य सम्पन्न गरी डिभिजनलाई हस्तान्तरण गर्नुपर्नेमा पुलको सुपरस्ट्रक्चर चर्केपश्चात त्यसलाइ पुन वनाउनुपर्नेमा ठेक्काको म्याद थप पनि नगरी तथा निर्माण कार्य अलपत्र राखेको देखिन्छ । निर्माण व्यवसायीले चर्केको सुपरस्टक्चर पुनः निर्माण गर्छु भनी डिभिजनलाई जानकारी गरेता पनि हालसम्म पुनः निर्माण कार्य शुरु गरेको देखिएन । यसरी तोकिएको समयसिमा भित्र निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौता र खरिद ऐन तथा नियमावली वमोजिम कार्वाही गर्नुपर्दछ ।





सडक डिभिजन, नेपालगंज

क्र्याक मर्मत कार्य

निर्माणाधिन पुलको २०७६ को फागुनमा ढलान भएको दोस्रो स्पानको Upstream तर्फ Main Girder मा निर्माणकै क्रममा क्र्याक देखिएको र निर्माण व्यवसायीले सो क्र्याक लुकाउन बाहिरबाट सिमेन्टद्वारा प्लास्टर गरि क्र्याक ढाकछोप गरेकोले पुलको Stressing गरे पश्चात पुनः स्पानमा क्र्याक देखिएको छ। कार्यालयका विभिन्न मितिका पत्रहरु तथा महालेखापरीक्षकको प्रतिवेदनमा समेत क्र्याक मर्मतका सम्बन्धमा उल्लेख गरिएको छ। स्थलगत निरीक्षणको क्रममा गार्डरमा देखिएको क्र्याकको मर्मत कार्य गरेको देखिएता पनि जोखिमपूर्ण रहेको देखियो। अतः कार्यालयले निर्माण व्यवसायीबाट भएको क्र्याक मर्मतको कार्यको प्राविधिक रुपमा परीक्षण गरी पुलको गुणस्तर सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।








खरिद सम्झौतामा उल्लेखित शर्त र तोकिएको स्पेशिफिकेसन अनुसार गुणस्तर कायम गरेर काम गरेपश्चात् मात्र कार्यालयले नापी गरी भुक्तानी गर्नुपर्दछ। निर्माण व्यवसायीले प्रयोग गरेको कर्व स्टोन फिनिसिङ नमिलेको तोकिएको स्टान्ड्रड साइजको नभएको र Strength समेत नपुगेको कर्वस्टोनहरू मेडियनमा प्रयोग गरेकोले हटाउन र नयाँ स्टान्ड्रड साइज तथा Strength पुगेको कर्वस्टोन प्रयोग गर्न कार्यालयले ताकेता गरेकोमा स्थलगत अनुगमन गर्दा निर्माण व्यवसायीले पूरानो स्टान्ड्रड साइज नपुगेको कर्वस्टोनलाई प्रतिस्थापन गरेको देखिएन। साथै स्थलगत अनुगमनका क्रममा खजुरा बजारमा डिविएसडि प्रथम कोट सम्मको भुक्तानी भएकोमा हाल बजारको घेरै ठाउँमा खाल्डाखुल्डी भइ कालोपत्रे भाग ग्राभेल वाटोमा परिणत भएको छ जसले यात्रा गर्न असहज अवस्था भएकोले तोकिएको गुणस्तर कायम गरी तपशिल बमोजिमको भुक्तानी भएको कामको गुणस्तर कायम गर्न लगाइ पुन सडक निर्माण गर्न लगाउनु पर्ने ।







सडक डिभिजन कार्यालय, ललितपुर

सडक डिभिजन कार्यालय, ललितपुर अन्तर्गत रू. ४ करोड ४१ लाखमा सम्झौता भएको कोटकु खोला माथि निर्माणाधिन (हनुमन्ते खोला करिडोर) पुलको सुपरस्ट्रक्चरको कार्य सम्पन्न भैसकेको भएतापनि बालकुमारीतर्फको एप्रोच सडकमा सुकुमबासी बस्ती रहेका कारण सम्पन्न नभएकोले स्थानीय तहको समन्वयम वस्ति व्यवस्थापन गरी निर्मित संरचनालाई प्रयोगमा ल्याउनुपर्दछ ।



सडक डिभिजन कार्यालय, ललितपुर अन्तर्गत रू. ६ करोड ४५ लाखमा सम्झौता कोटकु खोला माथि निर्माणाधिन (ललितपुर ईमाडोल हुँदै भक्तपुर जोड्ने) पुलको माथि रहेको विद्युत तार हटाउनुपर्ने र एप्रोच सडकमा स्थानीयको घर ठहरा रहेको देखिएबाट समयमै व्यवस्थापन गर्नुपर्दछ ।



पुल सेक्टर योजना, काठमाडौं

(क) भिमढुंगा लामिडाडा पुल

पुल सेक्टर योजना काठमाडौंले रू. २२ करोड १४ लाखमा सम्झौता गरेको भिमढुंगा लामिडाडा पुल त्रिशुली पुल २०७९ चैत्र मसान्तसम्म सम्पन्न गरिसक्नुपर्ने यस पुलको निर्माण कार्य विगत २ वर्षदेखी अवरुद्ध रहेको तथा साईट परिचालन समेत नभएकोले निर्माण कार्य सम्पन्न गर्न कार्यालय र निर्माण व्यवसायी संवेदनशिल हुनुपर्दछ।



(ख) प्रतिस्थापन पुल, त्रिशुली

पुल सेक्टर योजना काठमाडौले रू. २३ करोड ४५ लाखमा सम्झौता गरेको प्रतिस्थापन पुल, त्रिशुली, नुवाकोटको ८ प्रतिशतमात्र प्रगति भएको छ। एकातर्फको एबुटमेन्ट आंशिक सम्पन्न भएको र एप्रोच सडकतर्फ ठहराका कारण मोड कम हुने देखिएकोले समयमै आवश्यक व्यवस्थापन गर्नुपर्दछ।



(ग) प्रतिस्थापन पुल, त्रिशुली

पुल सेक्टर योजना काठमाडौंले आर्थिक वर्ष ०६७/०६८ मा सुन्दरीघाटमा बागमति पुलनिर्माणका लागि रू. ६ करोड ७९ लाखमा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा पुल सञ्चालनमा रहेको देखिएतापनि हालसम्म लोड टेस्ट नभएको, एप्रोच सडक बन्न नसकेको, पुलको बीचको Pire को कीर्तिपुरतर्फको गार्डर लेभल समेत फरक रहेको, पुलको संरचना पुरानो र रेलिङ्ग भाचिएको अवस्था सवारी आवागमनका लागि पुल सुरक्षित भए नभएको यकिन नभएकै अवस्थामा सवारी आवतजावत हुँदा सम्भावित जोखिम न्यूनिकरण गर्नुपर्दछ।



पुल सेक्टर योजना, पाल्पा


पूल सेक्टर योजना पाल्पाले मिति २०७१/३/९ मा रू. १८ करोड २४ लाखमा पाल्पा रानीघाट पुल निर्माण सम्झौता गरेकोमा त्रुटी सच्याउने अवधि मिति २०८१/८/२९ सम्म रहेको छ। एप्रोज सडक उपयुक्त र प्रयाप्त नबनाएको, त्रुटी सच्याउने अवधीमा पनि त्रुटी सुधार नगरेको तथा कार्यालयको ताकेता हुँदा पनि उल्लेखनिय प्रगती नदेखिएकोले निर्माण व्यवसायीको धरौटी एवं कार्यसम्पादन जमानत रोक्का राखी सोही रकमबाट त्रुटी सच्याई पुल सुचारु गर्नुपर्दछ ।



सडक डिभिजन कार्यालय, हेटौडा

(क) चुच्चे खोला बजार बरौटो सडक खण्ड

सडक डिभिजन कार्यालय हेटौडाले चुच्चे खोला बजार बरौटो सडक खण्डमा पर्ने कर्रा खोला पुल निर्माणका लागि २०७५/२/२९ मा रू. ६ करोड ९४ मा सम्झौता गरेकोमा स्थानीयस्तरमा जग्गा विवाद भएको तथा शिभम् सिमेन्टको ११ के भि ए डेडिकेटेड फिडर पुलको Axis को बिच भागमा परेको कारण एप्रोच रोड निर्माण र रिभर ट्रेनिङ्गको कार्य पुरा हुन सकेको छैन। लागत अनुमान तयारी तथा संरचना निर्माणको समयमा सार्वजनिक निकायबीच समन्वय र सहकार्यको अभावमा पुल निर्माणको समयावधी थप गर्नुपरेको र पुल निर्माणका लागि नेपाल सरकारको रू. ७ करोडको लगानी उपयोगबिहिन हुने देखिएकोले स्थानीयस्तरमा सरोकारवालाले प्राथमिकताका साथ जग्गा विवाद एवं संरचना स्थानान्तरण गरी खरिद सम्झौता व्यवस्थापन गर्नुपर्दछ।



(ख) भैसे दामन खण्ड

सडक डिभिजन कार्यालय हेटौडाको स्वामित्वमा रहेको भैसे दामन खण्डमा पर्ने लामिडाँडामा निर्माण सामाग्री बेवारिसे अवस्थामा रहेको, उक्त क्षेत्र स्थानीयबाट अतिक्रमण भएको तथा संरचनाको संरक्षण हुन नसकेको अवस्था निम्नानुसार देखिएकोले यथोचित व्यवस्थापन गर्नुपर्दछ ।









हेभी ईक्यूपमेन्ट डिभिजन, हेटौडा

हेभी ईक्यूपमेन्ट डिभिजन हेटौडाको कार्यालय परिसरमा बिग्रिएर वा चालु अवस्थामा नरहेका ईक्यूपमेन्टहरुलाई आवश्यक व्यवस्थापन गर्नुपर्दछ ।










सडक डिभिजन कार्यालय, जनकपुर

सडक डिभिजन कार्यालय जनकपुरले २०७१/४/१५ मा रु. ४ करोड ७३ लाखमा सम्झौता गरेकोमा निर्माणस्थलमा शुरुवातमा बाँधको कारण जलमग्न भएको र पछी भारतीय पक्षबाट अवरोध भएको कारण निर्माण कार्य अवरुद्ध भएको छ। व्यवसायीले लामो समयदेखी निर्माण कार्य नगरेको र दुवै तर्फको एबुटमेन्ट तयार भई बीचको पायर निर्माण गर्ने क्रममा अवरुद्ध भएको अवस्थामा तोकिएबमोजिम पुल निर्माण कार्य सम्पन्न गर्न कार्यालयले आवश्यक समन्वय गर्नुपर्दछ ।



हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुर

(क) गदहिया लचका पुल निर्माण

हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले गदहिया लचका पुल निर्माणका लागि २०७३/३/५ मा रु. ३ करोड २७ लाखमा सम्झौता गरेकोमा पुल निर्माण स्थलको छनौटमा सडक निर्माण गर्ने र पुल निर्माण गर्ने निकाय एकै रहदासमेत निर्माण कार्यमा समन्वय हुन नसकेको तथा पुल निर्माण गर्ने स्थान छनौट उपयुक्त नदेखिएबाट नेपाल सरकारलाई अतिरिक्त व्ययभार पर्न गएको छ।



(ख) रामध्यान टोल पुल निर्माण

हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले रामध्यान टोल पुल निर्माणका लागि २०७६।६।१२ मा रु. ४ करोड ८८ लाख मा सम्झौता गरेकोमा एप्रोच सडक रहने स्थानमा स्थानीयहरुको घर टहरा रहेको तथा केही नीजि जग्गासमेत रहेको सम्बन्धमा विवाद देखिएको छ । निर्माणस्थलमा रहेको पुरानो पुल तथा विद्यमान सडकको लेभलभन्दा धेरै उचाईमा पुल बनेकोर स्थानीयले घर टहरा सार्न शुरुवात भएको देखिएकोले स्थानीयस्तरमा सरोकारवालाले प्राथमिकताका साथ निर्माणस्थल सम्बन्धि विवाद समाधान गरी निर्मित संरचनाको उपयोग गर्नुपर्दछ ।



(ग) कमला नदी पुल निर्माण

हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले कमला नदी पुल निर्माणका लागि २०६८/२/३१ मा रू. २४ करोड ९१ लाखमा खरिद सम्झौता गरेकोमा २०७८।३।१७ को बाढीबाट निर्माणाधिन पुल क्षति भई निर्माण कार्य अवरुद्ध भएको छ। खरिद सम्झौताबमोजिम कार्य सम्पन्न गर्नका लागि हाल निर्माणस्थलमा निर्माण व्यवसायीको उपस्थिति नरहेको तथा क्षतिमध्ये १ फाउन्डेसन र २ स्पान भत्काउने कार्य बाहेक थप प्रगति गरेको नदेखिएकोले अविलम्ब निर्माण कार्य सुचारु गर्नुपर्दछ।



हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले कमला नदी पुल निर्माणका लागि २०६८/२/३१ मा रू. २४ करोड ९१ लाखमा खरिद सम्झौता गरेकोमा २०७८/३/१७ को बाढीबाट निर्माणाधिन पुल क्षति भएपश्चात क्षतिग्रस्त पुलको माथिबाट जोखिमयुक्त र असुरक्षित तरिकाले बाँस, प्लाई र काठको लचका निर्माण गरी स्थानीय व्यक्तिहरुले प्रति मोटरसाईकल रू. ५० असुल गर्ने गरेका छन्। निर्माण व्यवसायी साईटमा परिचालित नरहेको तथा स्थानीय स्तरमा जोखिमयुक्त तवरले निर्माण भएको लचकाबाट वारपार गर्दा सम्भावित मानवीय र सवारी दुर्घटनाका कारण निर्माण व्यवसायी सहित कार्यालयले थप चुनौती व्यहोर्नुपर्ने देखिएको छ ।



भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश

बसको उपयोग

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा प्रस्तावित योजनाको लागत अनुमान र प्राप्त हुन सक्ने प्रतिफल खुलाइ योजनाको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ। यस मन्त्रालयले जनकपुरबाट राजविराज र वीरगञ्जसम्म प्रदेश परिवहन सेवा सञ्चालन गर्न भनी गतवर्ष ५ वटा बस खरिद गरी रू. ३ करोड ३९ लाख ९० हजार खर्च गरेको छ। खरिद भएका बस २०७९/९/९ मा प्राप्त भएकोमा लामो समयसम्म सञ्चालनमा नल्याई प्रदेश सरकारको २०७८/११/२४ को निर्णयले ती बसहरू प्रदेश कृषि विश्वविद्यालय, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि व्यवसाय सहयोग तथा तालिम केन्द्र र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरेको छ। हस्तान्तरण भएका बसहरू मध्ये प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले बसको प्रयोग गर्ने अवस्था नभएको उल्लेख गरी २०७९/८९ मा मधेश विश्वविद्यालय, वीरगञ्जलाई बस हस्तान्तरण गरेको छ। साथै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण भएका २ बस समेत लेखापरीक्षण अवधिसम्म पनि नम्बर प्लेट समेत नराखी प्रतिष्ठानको हाताभित्र थन्किएर रहेको पाइयो। आवश्यकताको विश्लेषण नगरी बस खरिद गर्ने र सार्वजनिक सम्पत्तिको उचित प्रयोग तथा संरक्षण नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ।





सामाजिक विकास मन्त्रालय, मधेश प्रदेश

उपकरणको खरिद तथा व्यवस्थापन

केन्द्रले प्रदेश अन्तर्गतका जिल्ला अस्पतालहरूको मागको आधारमा उपकरणहरू खरिद गरी उपलब्ध गराउने व्यवस्था छ। तर केन्द्रले जिल्ला अस्पतालको माग वेगर नै संघीय मन्त्रालय र प्रदेश मन्त्रालयले तोकी दिएको कार्यक्रमको आधारमा मेडिकल उपकरणहरु खरिद गरी मातहत अस्पतालहरुलाई उपलब्ध गराउने गरेको छ। सो व्यवस्था अनुरुप यो वर्ष उक्त केन्द्रले रू. ५० करोड ७८ लाख ८२ हजारका मेडिकल औजार, उपकरण खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

लाहान अस्पतालको लागि केन्द्रले रू. ५० लाख बराबरको ३ थान हेमोडायलायसिस मेशीन खरिद गरी २०७९/३/२७ मा हस्तान्तरण गरेकोमा उक्त मेशिन जडान नभई अस्पतालको स्टोरमा थन्किएको छ। साथै केन्द्रले २०७८/७९ मा रू. २ करोड ६ लाख ७६ हजारमा १ थान इन्टिग्रेटेड वेस्ट म्यानेजमेन्ट सिष्टम ०७९/८/११ मा अस्पताललाई हस्तान्तरण गरेकोमा अस्पताललले सो जडान गरेकोमा पुनः २०७९/८/२६ मा रू. ३४ लाख ६५ हजारको अर्को एक वेष्ट म्यानेजमेन्ट सिष्टम पठाएकोमा सो जडान नभई मौज्दात राखेको पाइयो। वास्तविक आवश्यकता यकिन नगरी सामान मौज्दातमा राख्ने गरी खरिद गर्नु उपयुक्त देखिदैन।





केन्द्रले हेमोडायलायसिस मेशिन, पिसिआर मेशिन, ब्लड कल्चर सिष्टम, एक्सरे मेसिन, एनेस्थेसिया मेसिन, बायोकेमेस्ट्री एनालाईजर, अक्सिजन कन्सन्ट्रेटर लगायतको रू. २ करोड ५८ हजारका विभिन्न १३ उपकरण खरिद गरी २०७८/७९ मा भारदह अस्पतालमा हस्तान्तरण गरेकोमा सो अस्पतालको स्थलगत निरीक्षण गर्दा त्यस्ता उपकरण जडान गरेको पाईएन। वास्तविक आवश्यकता यकिन नगरी सामान मौज्दातमा राख्ने गरी खरिद गर्नु उपयुक्त देखिएन।





भविष्यमा गर्नुपर्ने सुधार

शासकीय प्रबन्ध



- नीति तथा कार्यक्रम र कानून कार्यान्वयनलाई प्रभावकारी बनाउने
- संघीयता कार्यान्वयन
- प्रदेश सरकारको कार्यसम्पादनलाई प्रभावकारी बनाउने
- स्थानीय तहको कार्यसम्पादन

अर्थतन्त्र

- आत्मनिर्भर अर्थतन्त्र निर्माण
- उद्योग तथा व्यापार
- वित्तीय तथा मौद्रिक नीतिको कार्यान्वयन
- संस्थान व्यवस्थापन



सार्वजनिक वित्त व्यवस्थापन



सार्वजनिक प्रशासन र सेवा प्रवाह



विकास व्यवस्थापन



सार्वजनिक जवाफदेहिता र सुशासन

